आज मिति २०७८/०२/१० गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री बिमनारायण माझधर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउँकार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी तपशिलका निर्णयहरु गरियो ।

तपशिल:

| दस्तखत | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| | श्री बिमनारायण माझधर | गाउँपालिका अध्यक्ष |
| | श्री ज्ञानमाया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| | श्री भिमबहादुर भुजेल | वडाध्यक्ष वडा नं. १ |
| | श्री पशुराम सिग्देल | वडाध्यक्ष वडा नं. २ |
| | श्री लेखबहादुर क्षेत्री | वडाध्यक्ष वडा नं ३ |
| | श्री चिन्तामणि शर्मा | वडाध्यक्ष वडा नं ४ |
| | श्री इन्द्रबहादुर राना | वडाध्यक्ष वडा नं ५ |
| | श्री नरबहादुर थापा | वडाध्यक्ष वडा नं ६ |
| | श्री केशमाया थापा | वडाध्यक्ष वडा नं ७ |
| | श्री हिममाया थापा | कार्यपालिका सदस्य |
| | श्री उजेली नेपाली दर्जि | कार्यपालिका सदस्य |
| | श्री रेखा बिश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री धनमाया राना | कार्यपालिका सदस्य |
| | श्री महेन्द्र गोतामे | कार्यपालिका सदस्य |
| | श्री सुरज बहादुर नेपाली | कार्यपालिका सदस्य |
| | श्री पशुराम उपाध्याय | सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

| | | |
|---|---|---|
| | महेश्वर अर्याल | हरिनास गाउपालिका कार्यालय |
| | बिदुर सिग्देल | हरिनास गाउपालिका कार्यालय |
| | लालमन गैह्र | हरिनास गाउपालिका कार्यालय |

निर्णय न. १

निर्णय नं १ माथि छलफल गर्दा कोभिड -१९ को संक्रमण बृद्धि संगै यस पालिकामा समुदाय स्तरमा उक्त रोग फैलदो क्रममा रहेकोले मिति २०७८/२/११ गते देखि २०७८/२/१८ गते सम्म स्वास्थ्य सेवा बाहेकका अन्यसेवाहरु बन्द गर्ने निर्णय गरियो ।

निर्णय नं. २

निर्णय नं. २ मा छलफल गर्दा हरिनास सेवा समाजका नाउँमा रहेको एम्बुलेन्सलाइ पालिकाले मासिक रु १२००००/- मा मिति २०७८/२/१ गते देखि भाडामा लिएकोलाइ अनुमोदन गरी कोभिड संक्रमित व्यक्तिलाइ सुविधा सम्पन्न अस्पताल सम्म पुराउनका लागी निःशुल्क सेवा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३

निर्णय नं. ३ मा छलफल गर्दा पालिकाबाट तोकिएका आइसोलेसन केन्द्रमा संक्रमितहरुलाइ स्वास्थ्यकर्मिहरुले उपचार गराएमा संस्था प्रमुखबाट संक्रमित व्यक्तिलाइ उपचार गराएको डिउटी लिष्ट अनुसार खाइपाइ आएको तलबमा ५० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने , एम्बुलेन्स सवारी चालकलाइ समेत उक्त सुविधा उपलब्ध गराउने साथै कार्यालयमा २४ सै घण्टा कोभिडमा संलग्न हुनु पर्ने प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य संयोजक र लेखापाल समेतलाइ २०७८/२/१ गते देखि ५० प्रतिशत अतिरिक्त भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४

निर्णय नं. ४ मा छलफल गर्दा हाल नेपालमा फैलदोक्रममा रहेको नया भेरियन्ट सहितको कोभिड-१९ लाइ नियन्त्रण र रोकथामका लागी आवश्यक औषधी एवं सर्जिकल सामान (अक्सिजन सहित) को व्यवस्था तत्काल गर्नु पर्ने भएकोले प्रकोप व्यवस्थापन कोषमा रकम कम भएकोले म स्वास्थ्य मेरो गाउँपालिका स्वास्थ्य कार्यक्रममा बिनियोजन भएको रकम मध्येबाट रु १००००००/- दशलाख रुपैया आठौं गाउँसभाले दिएको अधिकार प्रयोग गरी रकमान्तर गर्ने निर्णय गरियो ।